नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
गुल्मी

प.सं.:
च.नं.:
मितिः..........................

सूचना नं.६

प्रथम पटक प्रकाशित मितिः २०७७।०६।२९

## कृषि यान्त्रिकरण सहयोग कार्यक्रमको सिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रधामन्त्री कृषि आधुनिकीकरण पिरयोजना, परियोजना कार्यान्वयन इकाई, गुल्मीको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग कार्यक्रम रहेकाले आपूर्ति गर्न ईच्छुक कम्पनी, डिलर, फर्म तथा आपूर्तिकर्ताले यस कार्यालयमा आवश्यक कागजात सहित सूचिकृत गराई प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन मिति २०७७।०७।२८ गते भित्र यस कार्यालयमा आईपुग्ने गरी तपसिल बमोजिमका आवश्यक कागजात सहित सिलबन्दी दरभाउ पत्र पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

दरभाउ पेश गर्दा अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु

१. संस्था दर्ता प्रमाण पत्र, नविकरण सहितको प्रमाणित प्रतिलिपि ।
२. संस्थाको PAN/VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. लेखा परिक्षण प्रतिवेदन, गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
४. आधिकारिक एजेज्टको ( Authorized Agent), विक्रेताको प्रमाणपत्र प्रमाणित प्रतिलिपि ।
५. आधिकारिक डिलर, सर्भिस सेन्टरको संस्था दर्ता प्रमाणपत्र, PAN/VAT प्रमाणपत्र र सम्झौता पत्रको प्रतिलिपि।
६. कृषि औजार उपकरणको Specification खुल्ने रङ्गिन Catalogs र Leaflet हरु ।
७. कृषि औजार उपकरणको दरभाउ प्रस्तावको लागि उपलब्ध फर्मेटमा स्पष्ट रुपमा सबै विवरण खुलाई तयार गरेर प्रत्येक पाना प्रमाणित गरेको हुनुपर्नेछ।
८. सम्भव भए सम्म बुझिने भाषामा आधिकारिक टेष्ट सर्टिफिकेट (Test Certificate) को प्रमाणित प्रतिलिपि ।

यस सँग सम्बन्धीत आवेदनको ढाँचा, उपलब्ध गराउनु पर्ने कृषि यन्त्रका किसिम लगायत पेश गर्नु पर्ने आवश्यक कागजात सम्बन्धी विस्तृत जानकारी कार्यालयको वेभसाईट www.piugulmi.pmamp.gov.np बाट डाउनलोड वा कार्यालयको ईमेलबाट माग गरी प्राप्त गर्न सकिनेछ।

वरिष्ठ कृषि अधिकृत